प्रदेश सरकार
भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
फोन ०६१-४६१२५०
ईमेल:akckashki@gmail.com
वेबसाईट : akckaski.gov.np

# कृषि ज्ञान केन्द्र, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७८/७९

मितिः २०७८/११/०९

**व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम लागि आवेदन पेश गर्ने सुचना।**

(प्रथम पटक प्रकाशित मितिः २०७८/११/०९)

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, कास्कीको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन (तरकारी-२, अलैची-१) का लागि तपशिलका क्षेत्रहरु निर्धारण भइ आएकाले तोकिएको क्षेत्रभित्र पर्ने ईच्छुक कृषक समुह/सहकारी/कृषि फर्म/कम्पनी/जल/वन उपभोक्ता समितिहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, कास्कीमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र.सं. | कार्यक्रम | बाली | निर्धारण गरिएको क्षेत्र | संचालन गर्न सकिने कृयाकलापहरु |
|---|---|---|---|---|
| १. | व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | तरकारी | अन्नपुर्ण गाउँपालिका, वडा नं. १,२ र ३ ढिकुरपोखरी | तरकारी बीउ उत्पादन, भौतिक संरचना निर्माण तथा स्थापना (प्लाष्टिक टनेल, असिना जाली आदि) यन्त्र उपकरण खरिद, उत्पादन सामाग्री (मल, विउ, विषादी) सिंचाई व्यवस्थापन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरण |
| | | | माछापुच्छ्रे गाउँपालिका, वडा नं. ६, ७, ८ र ९ | |
| | | अलैंची | मादी गाउँपालिका, वडा नं. १,२,८,९ र ११ | अलैची भट्टी निर्माण, यन्त्र उपकरण खरिद, उत्पादन सामाग्री (अलैची बर्ना/बिरुवा मल, विउ, विषादी) सिंचाई व्यवस्थापन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरण |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. रू १० को टिकट टाँस गरी निवेदन सहित अनुसूची-१० बमोजिमको ढाँचामा प्रस्ताव।
२. कृषक समुह/सहकारी/कृषि फर्म/कम्पनी/जल/वन उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको प्रतिलिपि, PAN नं खुलेको प्रमाण पत्र, पछिल्लो आ.व. को करचुक्ता प्रमाणपत्र तथा वार्षिक अडिट रिपोर्ट, जग्गा धनीको लालपुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्युनतम १० वर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।
३. संस्था र सहकारीको हकमा अघिल्लो आ.व.को अडिट रिपोर्ट तथा संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
५. अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट सोहि प्रकृतिको अनुदान प्राप्त नगरेको स्वघोषणापत्र।
६. सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयमा तथा कार्यालयको वेभसाइटमा उपलब्ध हुनेछ।

..............................
(शालिकराम अधिकारी)
प्रमुख प्रमुख
अधिकृत स्तर नवौं

Scanned with CamScanner